कुल : २६

बैठक नं. १०

आज मिति २०७८ साल असार २ गते विहान ८ वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क्र स | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | भावना भण्डारी | नगर उप-प्रमुख | |
| ३ | दिपक राना | वडा अध्यक्ष | |
| ४ | काली बहादुर वली | वडा अध्यक्ष | |
| ५ | लिला बहादुर शाह | वडा अध्यक्ष | |
| ६ | खम्बजंग शाह | वडा अध्यक्ष | |
| ७ | श्यामलाल जैसी | वडा अध्यक्ष | |
| ८ | शशिराम बुढा | वडा अध्यक्ष | |
| ९ | चन्द्र बहादुर शाही | वडा अध्यक्ष | |
| १० | कर्ण बहादुर कार्की | वडा अध्यक्ष | |
| ११ | ध्रुव प्रसाद पौडेल | वडा अध्यक्ष | |
| १२ | ठकेन्द्र बहादुर राना | वडा अध्यक्ष | |
| १३ | लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | |
| १४ | निम बहादुर भनारी | वडा अध्यक्ष | |
| १५ | गोपाल बटाला | वडा अध्यक्ष | |
| १६ | पार्वती वि.क | कार्यपालिका सदस्य | |
| १७ | मनकला नेपाली | कार्यपालिका सदस्य | मनकला |
| १८ | रति वि.क | कार्यपालिका सदस्य | |
| १९ | सृजना वि.क | कार्यपालिका सदस्य | |
| २० | विर बहादुर बादी | कार्यपालिका सदस्य | |
| २१ | मिना पुन | कार्यपालिका सदस्य | |
| २२ | भद्रकला डाँगी | कार्यपालिका सदस्य | |
| २३ | विन्दु शाही | कार्यपालिका सदस्य | |
| २४ | दल बहादुर घर्ती | नि प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| २५ | प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २६ | अनिश शाह | अधिकृत | |
| २७ | चण्डीका चौलागाई | अधिकृत | |
| २८ | सुर्य प्रसाद लम्साल | सुचना तथा प्रविधि अधिकृत | |
| २९ | सनत दवाडी | सहायकस्तर पाचौ | |
| ३० | राजेन्द्र बहादुर कठायत | लेखापाल | |
| ३१ | श्रवण कुमार शर्मा | आ.ले.प | |

२१२६

Scanned with CamScanner

निर्णयहरूः

१. यस चालु आ.व. मा संचालित योजना तथा कार्यक्रमको प्रगति सम्बन्धमा जानकारी भयो । निर्माण सम्पन्न भईसकेका योजना।कार्यक्रमको यथाशिघ्र स्थलगत अनुमगन तथा मुल्याङ्कन गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने र निर्माणाधिन अवस्थामा रहेका योजना।कार्यक्रमहरू सम्झौता अनुसार तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा उक्त योजनाहरूको मुल्याङ्कन तथा भुक्तानी गर्न नसकिने र सोको जिम्मेवार कार्यालय हुन नसकने भएकोले यस अघि सूचना अनुसार २०७८ असार १५ गतेभित्र कार्य सम्पन्न तथा मुल्याङ्कन गरि सक्ने गरी सम्पन्न गर्न सम्बन्धित उपभोक्ता समिति तथा निर्माण व्यवसायिहरूलाई ताकेता गरी निर्माण सम्पन्न गर्न वडा समिति तथा खटिएका प्राविधिक कर्मचारीहरूलाई निर्देशन दिने ।

२. कोभिड १९ दोश्रो भेरियन्टको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि स्थानीय प्रशासनले गरेको निषेधाज्ञाका कारण उत्पन्न परिस्थितिमा स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ तथा स्थानीय तहको मध्यकालीन खर्च संरचना दिग्दर्शन, २०७८ बमोजिमका प्रक्रिया अवलम्बन गरी आ.व. २०७८।७९ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने संभावना नरहेकोले यस विषम अवस्थामा देहाय बमोजिम संक्षिप्त प्रक्रिया अवलम्बन गरी २०७८।३।१० गते नगरसभा आरम्भ गर्नेः

- स्थानीय राजश्व परामर्श समितिको बैठकः २०७८।३।४ गते विहान ८ बजे उप प्रमुखको कार्यकक्ष
- स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकः २०७८।३।६ नगर प्रमुखज्यूको कार्यकक्ष
- वडा समितिले योजना तथा कार्यक्रम छनोट गरी पठाउनेः २०७८।३।८ गते कार्यालय समयभित्र
- बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकः २०७८।३।९ विहान ८ बजे
- कार्यपालिका बैठकः २०७८।३।९ गते दिउँसो ३ बजे

३. कोभिड १९ दोश्रो भेरियन्टको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस नगरपालिकाबाट भएको देहाय बमोजिमको खर्च जम्मा रकम रू १ करोड ४ लाख १५ हजार ६ सय ४० चालु आ.व.को विभिन्न बजेट शिर्षकमा विनियोजन भई खर्च हुन बाँकी रकम विपद् व्यवस्थापन कोषमा रकमान्तरण गरी सोही कोषबाट खर्च लेख्ने गरी नियमानुसार भुक्तानी गर्न स्वीकृत गर्ने ।

तपसिलः

| सि नं | सामानको नाम | परिमाण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पि.पि.सेट | २०० | ३६०० | ७२०००० | |
| २ | हेडकभर | २०० | ५० | १०००० | |
| ३ | फेस सिल | २०० | ७० | १४००० | |
| ४ | सेनिटाईजर | ४२०० | ३७० | १५५४००० | |
| ५ | सर्जिकल मास्क | १२६००० | ७ | ८८२००० | |
| ६ | एन्टिजिन किट | १०८० | १०५० | ११३४००० | |
| ७ | विद्युत जडानका सामानहरु | | | २७००० | रानागाँउ र आईशोलेशन |
| ८ | कपडा र अन्य व्यवस्थापन | | | २११००० | |
| ९ | छपाई | | | ६०००० | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १० | खाना तथा खाजा खर्च | | | ३००००० | |
| ११ | अक्सिमिटर | ५० | ४५०० | २२५००० | |
| १२ | वि.पी.सेट | ५ | ४५०० | २२५०० | |
| १३ | आंस्थालिन | ५ | ३०० | १५०० | |
| १४ | नेवुलाईजर | १ | ४१०० | ४१०० | |
| १५ | स्वास्थ्य संस्था भुक्तानी | | | २४०००० | प्रति स्वास्थ्य केन्द्र २०००० का दरले |
| १६ | तलब १ जना स्वयंसेवक | | | ७३३२० | |
| १७ | एमबुलेन्स र ढुवानी | | | ११५००० | |
| १८ | अक्सिजन सिलिन्डर | | ८ | १५६००० | |
| १९ | फलो मिटर | ७ | ६००० | ४२००० | |
| २० | थर्मल गन | २० | २१०० | ४२००० | |
| २१ | गमवुट | १०० | ९०० | ९०००० | |
| २२ | भि.टी.एम | १३५० | ३०० | ४०५००० | |
| २३ | औषधि | | | ४१६२००० | आधारभुत स्वस्थ्य केन्द्र,स्वास्थ्य चाकी,हेल्पडेस्क,आईशोलेशन,शव व्यवस्थापन |
| | जम्मा रकम | | | १०४९०४२० | |

४. आकस्मिक रुपमा आईपर्ने बाढी, पहिरो, सडक दुर्घटना, आगोलागि जस्ता प्राकृतिक विपद् तथा विभिन्न रोगका महामारीको अवस्थामा विरामीहरूको तत्काल उध्दार कार्य गर्न र विपद्मा परेका पिडितहरुलाई तत्काल राहत वितरण गर्नका लागि केही स्थानीय तहमा हेलिप्याड निर्माण भईसकेको केही स्थानीय तहमा निर्माण भईरहेको र रात्रीकालीन समयमा उध्दारका लागि हेलिकप्टर बस्न सक्ने हेलिप्याड सुविधा जिल्लामा नै उपलब्ध नभएकोले जिल्ला तथा नगरवासि नागरिहरुले समयमै उपचार नपाई अकालमै ज्यान गुमाउन नपरोस भन्ने उध्देश्यले भेरी न.पा. वडा नं. ४ स्थित चन्दननाथ गण, मालिका व्यारेक हाताभित्र रहेको हेलिप्याडलाई नाईटल्यान्डिङ फ्यासिलिटी हेलिप्याडको रूपमा स्तरोन्नति गर्नका लागि नेपाली सेना, चन्दननाथ गण, मालिका व्यारेक, जाजरकोटको मिति २०७८।२।२८ गते, च.नं.११२५२।कार्य।७।२०७७।७८।७६ को पत्रसाथ प्राप्त प्रस्तावना बमोजिम रू १० लाख आगामि आ.व.को विपद् व्यवस्थापन कोषमा बिनियोजन हुने बजेट उपलब्ध गराउने गरी कार्यादेश दिने ।

५. गत सालको बर्षाबाट क्षतिग्रस्त भई बजेट अभावका कारण नियन्त्रण गर्न नसकिएको र हालै शुरू भएको बर्षाका कारण अझ बढी क्षति हुने र सडक अवरूध्द भई आवागमनमा समेत समस्या पर्ने देखिएकोले खलंगा रिम्न सडक खण्डको कालेगाउँ घुम्तीको पहिरो नियन्त्रणका लागि जिल्ला सिंचाई, खानेपानी तथा उर्जा कार्यालय, जिल्ला पूर्वाधार विकास कार्यालय र यस नगरपालिकाले संयुक्त रूपमा तत्काल नियन्त्रण गर्ने गरी समन्वय भएकोले यस नगरपालिकाबाट रु ५ लाख चालु आ.व.को विभन्न शिर्षकमा विनियोजन भई खर्च हुन बाँकी हुने रकम विपद् व्यवस्थापन कोषमा रकमान्तरण गरी सोही कोषबाट खर्च लेख्ने गरी उपलब्ध गराउने ।

Scanned with CamScanner

६. जिल्ला प्रशासन कार्यालय जाजरकोटको गार्डेन निर्माणका लागि रू १ लाख ५० हजार चालु आ.व.को विभिन्न शिर्षकमा विनियोजन भई खर्च हुन बाँकी हुने रकमबाट खर्च लेख्ने गरी उपलब्ध गराउने ।

७. यस नगरपालिकाको वडा नं. १ सूर्योदय प्रावि घोयलनेटाको घेरावारको टपमा पिसिसि निर्माणका लागि रू १ लाख चालु आ.व.को विभिन्न शिर्षकमा विनियोजन भई खर्च हुन बाँकी हुने रकमबाट खर्च लेख्ने गरी उपलब्ध गराउने ।

८. कोभिड १९ पहिलो तथा दोश्रो लहरको संक्रमणबाट हालसम्म जिल्लाभित्र तथा उपचारका क्रममा जिल्ला बाहिर ज्यान गुमाउने तपसिलमा उल्लेखित यस नगरपालिकामा बसोवास गर्ने व्यक्तिहरूका आफन्तलाई चालु आ.व.को विभिन्न शिर्षकमा विनियोजन भई खर्च हुन बाँकी हुने रकम नगर विपद् व्यवस्थापन कोषमा रकमान्तर गरी सोहीबाट खर्च लेख्ने गरी रू. २० हजारका दरले नियमानुसार उपलब्ध गराउने ।

तपसिलः

**जिल्लाभित्र मृत्यू भएका व्यक्तिहरूः**

| | |
|---|---|
| क. लिला सुनार भे.न.पा. वडा नं. ३ | ख. चन्द्र बहादुर वि.क. भे.न.पा. वडा नं.९ |
| ख. पद्मे बुढा भे.न.पा. वडा नं. ७ | ग. लिला नेपाली भे.न.पा. वडा नं.४ |

**जिल्ला बाहिर मृत्यू भएका व्यक्तिहरूः**

| | |
|---|---|
| क. कृष्ण बहादुर थापा भे.न.पा. वडा नं.४ | ख. सरे वड भे.न.पा. वडा नं. ११ |
| ग. रत्न बहादुर शाही भे.न.पा. वडा नं. ४ | घ. तुलबीर राना भे.न.पा. वडा नं.१० |
| ङ. विर्मि देवि शाही भे.न.पा. वडा नं.४ | च. कृष्ण शाह भे.न.पा. वडा नं.३ |

९. यस नगरपालिकामा कार्यरत तपसिलमा उल्लेखित कर्मचारीहरू बीरेन्द्रनगर सुर्खेतमा मिति २०७७।१२।७ देखि २०७८।१।१३ गते सम्म संचालित ३५ दिने सेवाकालीन तालिममा सहभागि भएको र निजहरूको आवास तथा खाना खर्च वापत प्रति व्यक्ति एक मुष्ट रू २० हजारका दरले चालु आ.व.को विभिन्न शिर्षकमा विनियोजन भई खर्च हुन बाँकी हुने रकमबाट खर्च लेख्ने गरी उपलब्ध गराउने ।

तपसिलः

- ना.सु. सनत कुमार दवाडी
- खरिदार महेन्द्र बस्नेत
- खरिदार उपेन्द्रजंग शाह
- ना.प्रा.स. भोला खत्री
- स.म.वि. निरिक्षक शारदा शर्मा (मिति २०७७।८।१८ देखि २०७८।९।२२ गते सम्म)

१०. सशस्त्र प्रहरी वल, विपद व्यवस्थापन तालिम शिक्षालय, कुरिनटार चितवनको च.नं. २०७७।७८, १४०० मिति २०७८।३।३ गतेको प्राप्त पत्रानुसार उक्त शिक्षालयमा रहेका विभिन्न उध्दार सामाग्रीहरूको नमुना प्रदर्शनी तथा शिक्षालयले गरेको विभिन्न उध्दारका गतिविधिहरुमा प्रयोग भएको र हुने सामाग्रीहरू एवं त्यस्ता गतिविधिहरू झल्कने फोटो तथा भिडियो सहितको डिजिटल रेकर्ड प्रणाली बनाई आगन्तुकहरूलाई प्रदर्शन गर्न तथा अध्यन अध्यापनमा सहयोग हुने गरी निर्माणाधिन अभिलेख तथा प्रदर्शनी केन्द्रको लागि सहयोग गरिदिने भनी माग भई आएकोले चालु आ.व.को विभिन्न शिर्षकमा विनियोजन भई खर्च हुन बाँकी हुने रकमबाट खर्च लेख्ने आवश्यक सामाग्री उपलब्ध गराउने ।

Scanned with CamScanner